नगर कार्यपालिकाको
बैठक संख्या: ७९, २०७९-२०८४
मिति २०८३/०५/१३ को
निर्णय प्रमाणित ........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरू (बैठक नं ७९, २०७९-२०८४)

मिति : २०८३ भाद्र १३ गते

निर्णयहरु:

१. हालै आएको भीषण बाढी तथा त्यसबाट उत्पन्न विपद्का कारण अकालमै ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति कोहलपुर नगरपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

२. यहि मिति २०८३/०५/१० गते भोटेकोशीमा आएको बाढीका कारण बेपत्ता भएका कोहलपुर नगरपालिकाका नागरिकहरूको खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन कोहलपुर नगरपालिका वडा नं. १२ का वडा अध्यक्ष श्री वीरेन्द्र कुमार शाहको नेतृत्वमा तपशिल अनुसारका जनप्रतिनिधि तथा कर्मचारी लगायत बेपत्ता नागरिकका परिवारका सदस्यहरू समेत रहेको टोली आजै सम्बन्धित क्षेत्रमा गई खोज तथा उद्धार कार्यमा आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गर्ने ।

तपशिल

क) वीरेन्द्र कुमार शाह, वडा अध्यक्ष, वडा नं. १२
ख) हरि कठायत, वडा अध्यक्ष, वडा नं. २
ग) श्रीकृष्ण थारु, वडा अध्यक्ष, वडा नं. ६
घ) गंग कामी, वडा सदस्य वडा नं. १
ङ) सुधन ढकाल, वडा सदस्य वडा नं. ११
च) राजेन्द्र बहादुर सुनार, नगर प्रहरी हवलदार
छ) सुरेश थारु वेपत्ता परीवारका आफन्त वडा नं. २
ज) रुद्र बुढा वेपत्ता परीवारका आफन्त वडा नं. १२

३. मिति २०८३/०५/१० गते रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका कार्यमा सहयोग पुर्‍याउनुका साथै विपद्प्रति ऐक्यबद्धता प्रकट गर्ने उद्देश्यले नेपाल सरकारबाट विपद् राहत तथा उद्धारका लागि गरिएको निर्णय/आह्वान समेतलाई दृष्टिगत गरी कोहलपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूले आफ्नो पद, तह तथा जिम्मेवारी अनुसार देहाय बमोजिमको पारिश्रमिक तथा सेवा-सुविधा बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने।

क) जनप्रतिनिधितर्फ :

अ. वडा सदस्यहरूबाट ३ (तीन) दिन बराबरको,
आ. वडा अध्यक्ष/कार्यपालिका सदस्यहरूबाट ५ (पाँच) दिन बराबरको,
इ. नगर प्रमुख/उपप्रमुखबाट ७(सात) दिन बराबरको पारिश्रमिक तथा सेवा– सुविधा बराबरको रकम।

ख) कर्मचारीतर्फ :

नेपाल सरकारबाट विपद् राहत तथा उद्धारका लागि गरिएको निर्णयबमोजिम कोहलपुर नगरपालिकामा कार्यरत स्थायी, करार तथा अन्य कर्मचारीहरूको हकमा नेपाल सरकारले तोकेको अवधिको पारिश्रमिक बराबरको रकम योगदानस्वरूप कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने। उक्त रकम

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ७९, २०७९-२०८४
मिति २०८३/०५/१३ को
निर्णय प्रमाणित ..........

सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीहरूको पारिश्रमिक तथा सेवा– सुविधाबाट नियमानुसार कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने आवश्यक व्यवस्था मिलाउने।

४. विपबाट प्रभावित नागरिकहरूको खोज, उद्धार, राहत, आवश्यक समन्वय तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण आवश्यक व्यवस्थापनको जिम्मेवारी कोहलपुर नगरपालिकाले लिने। साथै, बाढीबाट ज्यान गुमाएका मृतकका परिवारलाई जनही काजकिरिया खर्च बापत तत्काल रु.५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) का दरले रकम उपलब्ध गराउने ।

५. यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय प्रयोजन, योजना अनुगमन तथा सुपरिवेक्षण लगायतका कामको लागि मिति २०८३/०४/०१ देखि मिति २०८३/०५/१५ गते सम्म चार पाङ्ग्रे स्कारपियो गाडी नं. बा१५च२०९६ सवारी साधन भाँडामा लिएको हुँदा उक्त समयावधिको दैनिक रकम रु.६,०००।– (छ हजार) को दरले ४५ दिनको रु.२,७०,०००।-(दुई लाख सहत्तरी हजार) भ्याट सहित सवारी साधन तथा मेसिनरी औजार भाडा शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

६. नेपालगञ्ज ब्याडमिन्टन क्लबको मिति २०८३/०५/१० गतेको पत्र अनुसार, क्लबको तत्त्वावधानमा मिति २०८३/०५/२७ गतेदेखि २८ गतेसम्म नेपालगञ्जस्थित कर्भडहलमा सञ्चालन हुने जिल्ला स्तरीय अन्तर विद्यालय मेयर कप ब्याडमिन्टन प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आर्थिक सहयोग उपलब्ध गराइदिन अनुरोध भएको सम्बन्धमा, उक्त प्रतियोगिताले विद्यालयस्तरमा खेलाडीहरूको प्रतिभा पहिचान तथा विकास गर्न एवं खेलकुद क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने भएकाले खेलकुद प्रवर्द्धन शिर्षकबाट हुने गरी रु. ५०,०००।– (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

७. कोहलपुर नगरपालिका ७ नं. वडा कार्यालय र १४ नं. वडा कार्यालयको सिफारिससाथ प्राप्त पत्रानुसार कोहलपुर नगरपालिका वडा नं. १४ अन्तर्गत थापा टोल, हवल्दारपुर चोकदेखि करिब २ कि.मि. उत्तर–पूर्वतर्फ घना जंगल क्षेत्र रहेको तथा बस्ती सुनसान एवं सुरक्षा संवेदनशील अवस्थामा रहेको कारण उक्त क्षेत्रमा पटक– पटक चोरी तथा डकैतीका घटना हुने गरेको र आगामी दिनमा समेत नागरिकको जीउधनमा क्षति पुग्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै उक्त स्थानमा अस्थायी प्रहरी बिट स्थापना गर्न आवश्यक पहल गरिदिन सिफारिस प्राप्त भएको सम्बन्धमा छलफल हुँदा, स्थानीय बासिन्दाको शान्ति, सुरक्षा तथा जीउधनको संरक्षणका लागि उक्त क्षेत्रमा सुरक्षा व्यवस्था सुदृढ गर्न आवश्यक देखिएकोले जिल्ला सुरक्षा समिति, बाँकेसमक्ष अस्थायी प्रहरी बिट स्थापना गर्न आवश्यक पहल तथा समन्वय गरिदिन अनुरोध गर्ने ।

मान बहादुर भारः
प्रमुख प्रशासकीय अधिकृत